# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५** **सङ्ख्या : १९** **मिति : फागुन ३, २०७९**

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

### कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ साल माघ २६ गते**

उर्लाबारी नगरपालिका

**पृष्ठभुमीः-**

उर्लाबारी नगरपालिकाको क्षेत्र भित्र कृषिको व्यवसायिकरण गर्न, कृषि पेशा र पशुपंछी तथा मत्स्यपालन ब्यवसायलाई नाफामुलक पेशाको रुपमा रुपान्तरण एवं स्थापित गर्दै उत्पादन र उत्पादकत्व बढाउन, परम्परागत कृषि प्रणालीलाई उपयुक्त उन्नत जात नश्लका बाली तथा बस्तुहरुको प्रयोग गरि आधुनिकिकरण र व्यवसायिकिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषकहरु लाई कृषि सेवा, सामग्री, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र बजार पंहुचको व्यवस्था मिलाउन, तुलनात्मक लाभहरुको न्यायोचित वितरण साथै दिगो विकास गर्ने तथा कृषि भुमिको अनाधिकृत खण्डिकरण रोक्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन कायम गर्दै कृषि कार्यक्रमहरुको संचालन, सामाग्रिहरु खरिद तथा वितरण प्रकृयालाई ब्यवस्थित गर्न उर्लाबारी नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

उर्लाबारी नगरपालिका

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१)यो कार्यविधिको नाम **"कृषि तथा पशुसेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि उर्लाबारी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **कृषि** भन्नाले कृषि, पशुपंछी, मत्स्य, खाध्यान्न लगायत उत्पादनलाई ब्यवसायिकरण, बजारीकरण, मुल्य अभिबृद्धि एवं औधोगिकिकरण गर्ने लाई समेत बुझिन्छ ।

(ख) **अनुदान** भन्नाले उर्लाबारी नगरपालिकाबाट विनियोजित वजेट अनुसारको स्विकृत कार्यक्रम बमोजिम कृषि जन्य उत्पादन, प्रशोधन, मुल्य अभिबृद्धी, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकिकरण र व्यवसायिकरणका लागि कृषकलाइ प्रदान गरिने नगद तथा बस्तुगत सहुलियत सम्झनु पर्दछ । यस शब्दले नगरसभाबाट स्विकृत भएको कृषि कार्यक्रममा कृषकलाइ दिइने न्यूनतम ५०% देखी अधिकतम सतप्रतिशत सम्मको रकम समेतलाई जनाउदछ ।

(ग) **अनुदानग्राही** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उघमी/कृषक समुह/कृषि सहकारी कृषक समुह, कृषि सहकारी, कृषि विकास संग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्दछ ।

उर्लाबारी नगरपालिका

(घ) **कार्यक्रम** भन्नाले उर्लाबारी नगरपालिकाबाट संचालन हुने बार्षिक स्वीकृत कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) **कृषि औजार** भन्नाले अनुसूची-१ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाइ सम्झनु पर्दछ।

(च) **सेट** भन्नाले यस कार्यविधिको अनुसूची -१ मा उल्लेख गरिए बमोजिमका दुई वा दुई भन्दा बढी यन्त्र उपकरणहरु लाइ सम्झनु पर्दछ ।

(छ) **उपभोक्ता** भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन इच्छुक कृषि ब्यवसाय गर्ने उद्धेश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक समुह कृषि सहकारी निजि फर्म/कृषि उद्यमी तथा व्यक्तिगत कृषक (एक वा संयुक्त रुपमा मिलेर आएमा एकभन्दा बढी) लाइ सम्झनु पर्दछ।

(ज) **कार्यालय** भन्नाले उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

(झ) **आपुर्तिकर्ता** भन्नाले अनुसूची -१ मा उल्लेखित कृषि यन्त्र उपकरण उपलब्ध गराउने फर्म/ कम्पनी/संस्था आदि लाइ सम्झनु पर्दछ ।

उर्लाबारी नगरपालिका

(ञ) **समिति** भन्नाले उर्लाबारी नगरपालिकाको वडास्तरबाट छनौट भई आएका कृषकहरुको नगर समिति र कृषि ब्यवसाय प्रबर्द्धन ऐनमा उल्लेखित समितिलाइ सम्झनु पर्दछ ।

(ट) **कृषक समुह** भन्नाले सामुहिक रुपमा गोलबद्ध भई साझा उद्देश्य लिएर उर्लाबारी नगरपालिका कृषि/पशुपंछी बिकास शाखामा दर्ता/सुचिकृत भएका समुहलाइ सम्झनु पर्दछ।

(ठ) **कृषि सहकारी** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था लाइ सम्झनु पर्दछ ।

(ड) **कृषि फर्म** भन्नाले कृषि ब्यवसाय संचालन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता भएको फर्मलाई सम्झनु पर्दछ ।

(ढ) **कृषक** भन्नाले कृषि तथा पशुपंछी पालन पेशामा आवद्ध किसान लाइ सम्झनु पर्दछ ।

(ण) **वितरण** भन्नाले माग भइ छनौट भएका कृषकहरुलाइ दिइने कृषि सामाग्री सम्झनु पर्दछ ।

(त) **नगरपालिका** भन्नाले उर्लाबारी नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उद्धेश्यः-** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

उर्लाबारी नगरपालिका

(क) कृषि बाली तथा पशुपंछी/मत्स्यजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाइ निर्यात प्रबर्द्धन गर्ने ।

(ख) खाध्यान्न, तरकारी, फलफुल बाली तथा अन्य कृषिजन्य बाली साथै पशुपंछी, मत्स्य पालन तथा उत्पादनमा यान्त्रिकिकरण गर्न सहयोग पुर्याउने ।

(ग) असल पशुपालन अभ्यासमा सहयोग गरी स्वस्थ्यकर पशुपंछीजन्य उत्पादनमा सहयोग पुर्याउने।

(घ) कृषि तथा पशुपंक्षी क्षेत्रको ब्यवसायिक सुरक्षाको लागि कृषि बाली तथा पशुपंछीहरुको बिमा कार्यक्रममा सहयोग/सहजिकरण गर्ने।

(ङ) प्रति इकाई उत्पादन बृद्धि गर्ने तथा उत्पादन लागत घटाउने ।

(च) युवा जनशक्तीलाई कृषि/पशुपंछी पेशामा आकर्षित गर्ने/गराउने ।

(छ) कृषि तथा पशुपंक्षीलाई आधुनिकिकरण, ब्यवसायिकरण र प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद -२

**४. प्रस्ताव आव्हान गर्नेः-** वार्षिक स्वीकृत कार्यक्रम संचालन प्रकृयाको लागि नगरपालिकाबाट सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

**५. प्रस्ताव मुल्यांकन आधारः-** (१) उर्लाबारी नगरपालिकाबाट संचालन गरिने कृषि तथा पशुपंक्षी कार्यक्रमहरुको प्रस्ताव आव्हानको सूचना अवधि भित्र

उर्लाबारी नगरपालिका

पर्न आएका प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमका आधारहरु लाई मानेर मुल्यांकन/छनौट गर्नेछ ।

(क) कृषि विकास कार्यक्रम तर्फः प्रस्ताव पेश गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म आदि ले पेश गरेको प्रस्तावको आधारमा वडाभित्रका कृषकहरुको माग अनुसार सम्बन्धित वडा समितिको सिफारिसमा कृषि विकास शाखाको प्राविधिक र कृषकहरुको दफा ६ बमोजिमको उप समितिले छनौटको लागि नगरपालिकामा रहेको कृषि ब्यवसाय प्रबर्द्धन समितीमा पेश गर्ने छ । उक्त कृषि ब्यवसाय प्रबर्द्धन समितिले छनौट गरेको निर्णय नै अन्तिम निर्णय मानिने छ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा उल्लेख भएतापनि रु ५०,०००।मुल्य भन्दा कम रकमको कृषि सामाग्री तथा कृषि औजार वितरण गर्नु परेमा वडाभित्रका कृषकहरुको माग अनुसार सम्बन्धित वडा समितिको सिफारिसमा दफा ६ बमोजिमको उप समितिको निर्णयानुसार सामाग्री तथा औजार उपकरण वितरण गरिनेछ ।

(ग) पशुपंछी सेवा तर्फः पशुपंछी फर्महरुको निम्नानुसारका मापदण्डलाई आधार मानि छनौट प्रकृया अगाडि बढाईने छ ।

१. गाई/भैसी पालनको हकमा न्यूनतम ५ माउ वा सो भन्दा बढी,
२. बाख्रा/खसि पालनको हकमा २० माउ वा सो भन्दा बढी,
३. बंगुर/सुगुर पालनको हकमा पाठापाठी उत्पादनका लागि न्यूंनतम ५ माउ र मासुको उत्पादनका लागि पालन गरेको भए १५ वटा वा सो भन्दा बढी,

उर्लाबारी नगरपालिका

४. राँगा पालनको हकमा न्यूनतम १५ गोटा वा सो भन्दा बढी,

५. पन्छी पालनको हकमा न्यूनतम २०० देखी ५०० गोटा वा सो भन्दा बढी,

६. माछा पालनको हकमा न्यूनतम ६ कठ्ठा जलासय क्षेत्र हुनु पर्नेछ ।

७. अनुसूचि २ बमोजिमका स्थलगत अनुगमन मापदण्डका आधारमा अनुदान/लाभग्राही छनौट प्रकृया गरिनेछ ।

(२) ब्यवसायिक, सामुहिक खेती गर्ने कृषक/समुह/कृषि सहकारी/कृषिफर्म आदिलाइ आधार मानिने छ ।

(३) उन्नत तथा प्रविधी मैत्री खेती गर्न चाहने कृषक/कृषक समुह/सहकारी/कृषि फर्म हुनु पर्नेछ ।

(४) सिंचाइको हकमा सिंचित हुने जमिन न्यूनतम २ बिगाहा क्षेत्रफल कायम रहेको सुख्खा क्षेत्र हुनुपर्ने छ।

(५) पावरटिलर/धान काट्ने रिपर वितरण गर्दा कृषक समुहको हकमा कम्तिमा १० बिगाहा क्षे.फ जमिन भएको भएको हुनुपर्ने छ भने कृषि फर्म को हकमा कम्तिमा २ बिगाहा खेतियोग्य जमिन हुनु पर्नेछ । अन्य बिभिन्न कृषि औजार उपकरण वितरण गर्नको लागि कृषि प्राविधिक सहितको नगर समितिद्धारा फिल्ड अनुगमन गरेर कृषकको आवश्यकता र ब्यवसायिकता लाइ हेरी नगरस्तरिय कृषक समिति/कृषि ब्यवसाय प्रवर्द्धन समितीमा पेश गर्नेछ ।

उर्लाबारी नगरपालिका

(६) बिशेष गरी खाध्यन्न, तरकारी, फलफुल बाली, च्याउ खेती, मौरी पालन तथा अन्य कृषिजन्य बाली उत्पादन गर्ने प्रमुख उद्धेश्य लिएको हुनु पर्ने ।

(७) उपभोक्ताको माग र आवश्यकतालाइ हेरी बाली र औजार उपकरण वितरण प्रकृयामा थपघट गर्न सकिने छ ।

(८) स्थानीय श्रोत र साधनको प्रयोग गर्न रुची भएको हुनुपर्ने ।

(९) गरिब सिमान्तकृत पिछडिएको क्षेत्र महिला आदि लाई प्राथमिकता दिइने छ ।

(१०) बीउ उत्पादन गर्ने स्थानमा प्राथमिकिकरण गरिने छ ।

(११) नगरपालिका भित्र ब्यवसायिक रुपमा कृषि ब्यवसाय संचालन गर्ने कृषकहरु मध्येबाट छनौट गरि बालि बिशेषको आधारमा उत्कृष्ट कृषकहरुलाइ वार्षिक रुपमा सम्मान कार्यक्रम संचालन गरिने छ ।

६. **कृषि तथा पशुपंक्षी सेवा सञ्चालन उपसमिति सम्बन्धी व्यवस्थाः** कृषि तथा पशुपंक्षी सामाग्री, औजार वितरणको छनौट तथा सिफारिसका लागि उर्लाबारी नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐनको दफा ६ बमोजिम देहाय बमोजिमको एक उपसमिति रहनेछ ।

(क) नगरपालिकाको आर्थिक विकास समितिको संयोजक - संयोजक
(ख) वडास्तरीय कृषक समूहको १/१ जना प्रतिनिधि - सदस्य
(ग) कृषि/पशु पंक्षी विकास शाखाको प्रमुख - सदस्य सचिव

उर्लाबारी नगरपालिका

**७. कृषि तथा पशुपंक्षी सेवा सञ्चालन उपसमितिको काम, कर्तव्य र अधिकारः**

(क) वडाभित्रका कृषकहरुको माग अनुसार सम्बन्धित वडा समितिको सिफारिसमा रु ५०,०००।—मुल्य भन्दा कम रकमको कृषि सामाग्री तथा कृषि औजार वितरण गर्नु परेमा सोको निर्णय गर्ने ।

(ख) वडाभित्रका कृषकहरुको माग अनुसार सम्बन्धित वडा समितिको सिफारिसमा रु ५०,०००।—मुल्य भन्दा माथि रकमको कृषि सामाग्री तथा कृषि औजार वितरण गर्नु परेमा नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन समिति समक्ष सिफारिस गर्ने ।

(ग) समितिबाट तोकिएका अन्य कार्य गर्ने ।

**८. कार्य संचालन विधिः** कार्यक्रम संचालन गर्नको लागि उर्लाबारी नगरपालिकाबाट सार्वजनिक सूचना जारी गरि सार्वजनिक खरिद प्रकृया अवलम्बन गरिनेछ ।

**९. मुल्यांकनको जानकारी गराउनु पर्नेः** छनौटमा परेका कृषक/समुह/कृषि सहकारी/कृषि फर्मको सूची सार्वजनिक सूचना मार्फत प्रकाशन गरिने छ ।

**१०. उपभोक्ताले पालना गर्नु पर्न शर्तहरुः** कार्यक्रम संचालनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) उपभोक्ता कृषि पेशा ब्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

उर्लाबारी नगरपालिका

(ख) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन।

(ग) कृषकको लागत साझेदारीमा संचालित कार्यक्रमको कृषक वा संस्था द्धारा ब्यहोर्ने रकम उर्लाबारी नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरी बैंक भौचर पेश गर्नु पर्नेछ।

(घ) उपभोक्ता (कृषक वा संस्था) ले अनुदानमा कृषि सामाग्रि प्राप्त गरि सकेपछी आफु, आफ्नो समुह वा संस्था भित्रनै प्रयोग गर्नु पर्नेछ । अन्य निकाय वा स्थानमा बिक्रि वितरण गर्न पाइने छैन । यदि बिक्रि वितरण गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(ङ) कृषक वा संस्थाले कुनैपनि औजार उपकरण प्राप्त गरिसकेपछी स्वयं मर्मत संभार तथा संचालन आफै जिम्मेवार हुनु पर्नेछ।

**११. उपभोक्ताले कार्यक्रम माग गर्दा पेश गर्नु पर्ने कागजातहरुः** कार्यक्रम माग गर्दा देहायका कागजात संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

(क) नागरिकताको प्रतिलिपी ।

(ख) जग्गा धनिपुर्जाको प्रतिलिपी यदि जग्गाधनिपुर्जाको प्रतिलिपी नभए वडा कार्यालय बाट सिफारिस पत्र ।

(ग) कृषक समुह/समिति/कृषि सहकारी/कृषि फर्म आदिले प्रचलित कानुन बमोजिमका अध्यावधिक कागजातहरु

(घ) सूचनामा माग भए बमोजिमका अन्य सम्बन्धित कागजपत्रहरु ।

उर्लाबारी नगरपालिका

**१२. अनुदान प्रवाह विधिः-** (१) सार्वजनिक खरिद ऐन र नियमावलीलाइ आधार मानेर खरिद गरि कृषक वा संस्था लाइ प्रदान गरिने छ ।

(२) कार्यक्रमको भुक्तानी माग भइ आएमा नगरपालिकाको कार्यक्रम अनुगमन समितिबाट अनुगमन गरी नियमानुसार भुक्तानी प्रकृया अवलम्बन गरिनेछ ।

**१३. अनुगमनः** संचालित कार्यक्रमहरुको नियमित/आकष्मिक अनुगमन प्रचलित कानून बमोजिम गरिनेछ ।

**१४. प्रचलित कानुन लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. बाधा अड्काउ फुकाउने (खारेजी एंव संशोधन)**: (१) कार्यविधि कार्यन्वयनका सन्दर्भमा उर्लाबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यक ब्यवस्था गर्ने छ ।

(२) कार्यविधि कार्यन्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा उर्लाबारी नगरकार्यपालिकाको कार्यालयको अन्तिम निर्णय हुनेछ ।

(३) यो कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिका को कार्यालयले खारेजी वा संसोधन गर्न सक्ने छ ।

उर्लाबारी नगरपालिका

## अनुसूची -१

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु

| क्र.स. | सिंचाइ सामाग्रिहरु | अनुदान रकम % मा | कैफियत |
|---|---|---|---|
| १ | सिंचाइ सामाग्रिहरु (मोटर/बोरिङका सेट, सिंचाइका पाइपहरु, साना सिंचाइ कार्यक्रम आदि) | मोटर/बोरिङ सेट नगरपालिकाले अनुदानमा उपलब्ध गराउने र गडाइ खर्च, मिटरबक्स, बिजुलीको तार कृषकले ब्यहोर्नु पर्ने । | |
| **क्र.स.** | **कृषिजन्य सामाग्रिहरु** | **अनुदान रकम % मा** | **कैफियत** |
| १ | बिषादी छर्ने स्प्रेयर | ७५% | |
| २ | गटर/फुट स्प्रेयर | ७५% | |
| ३ | बोट बिरुवा काँटछाँटका औजार उपकरणहरु | ७५% | |
| ४ | प्लास्टिक टनेल/हाई टेक/एग्रोनेट आदी | ७५% | |
| ५ | एग्रोभेट पसल बाट कृषकलाइ | आवश्यकता हेरी ५०% | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| | आवश्यक पर्ने कृषिजन्य सामाग्रीहरु । | देखी सतप्रतिशत सम्म अनुदान दिन सकिने छ । | |
| ६ | पशुपंछी तथा मत्स्य पालन ब्यवसायमा प्रयोग हुने मशिनरी औजार सामाग्री यन्त्र उपकरणहरु | ७५% | |
| ७ | दुधडेरी जन्य तथा मासुमाछा पसलहरुमा प्रयोग हुने मेशिनरी औजार सामाग्री यन्त्र उपकरणहरु | ७५% | |
| ८ | ब्यवसायिक फर्म प्रबर्द्धन कार्यक्रम ऊठ,खोर सुधार/जैबिक सुरइ कार्यक्रमहरु | ७५% | |
| ९ | पशु आहारा विकासका कार्यक्रमहरु | ७५% वा नगरसभा बाट स्विकृत कार्यक्रममा साझेदारी/निशुल्क उल्लेख भए सोही अनुसार | |

उर्लाबारी नगरपालिका

| क्र.स. | कृषि मेशिनरी औजार उपकरणहरुको नाम | अनुदान रकम % मा | कैफियत |
|---|---|---|---|
| १ | पावर टिलर, क्याजह्विल,कनेक्टर,कल्टिभेटर | ७५% | |
| २ | कल्टिभेटर | ७५ | |
| ३ | डिस्क प्लाव | ७५% | |
| ४ | डिस्क हैरो | ७५% | |
| ५ | एम वि प्लाव | ७५% | |
| ६ | हिलो चक्का/एन्टी स्किड ह्विल | ७५% | |
| ७ | एस वा सि टाइपको रोटाभेटर | ७५% | |
| ८ | लेभलर | ७५% | |
| ९ | सिडकम फर्टिलाइजर ड्रिल | ७५% | |
| १० | सिड ड्रिल | ७५% | |
| ११ | सिड प्लान्टर | ७५% | |
| १२ | जिरो टिल सिड ड्रिल | ७५% | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| १३ | रिजर/वण्ड फर्मर | ७५% | |
| १४ | मकै प्लान्टर | ७५% | |
| १५ | पोटयाटो प्लान्टर | ७५% | |
| १६ | पोटयाटो डिगर | ७५% | |
| १७ | रिपर मेशिन | ७५% | |
| १८ | मल्टी क्रप थ्रेसर | ७५% | |
| २९ | धान थ्रेसर | ७५% | |
| २० | गहुँ थ्रेसर | ७५% | |
| २१ | मकै थ्रेसर | ७५% | |
| २२ | मकै डिहस्कर | ७५% | |
| २३ | पावर स्प्रेयर/बुम स्परेयर | ७५% | |
| २४ | फर्टिलाइजर ब्रोड कास्टर/ स्प्रेडर | ७५% | |
| २५ | एण्टिस्कीड व्हिल | ७५% | |
| २६ | एण्टी स्किड ह्विल कनेक्टर/हब कनेक्टर | ७५% | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| २७ | डिस्क प्लाव | ७५% | |
| २८ | डिस्क ह्यारो | ७५% | |
| २९ | रिजर/वण्ड फर्मर | ७५% | |
| ३० | सिड कम फर्टिलाइजर ड्रिल | ७५% | |
| ३१ | सिड ड्रिल | ७५% | |
| ३२ | पोटयाटो प्लान्टर | ७५% | |
| ३३ | पोटयाटो डिगर | ७५% | |
| ३४ | रिपर | ७५% | |
| ३५ | थ्रेसर | ७५% | |
| ३६ | मल्टी क्रप थ्रेसर | ७५% | |
| ३७ | पावर स्प्रेयर | ७५% | |
| | **मिनिटिलरका एटयाचमेन्टहरु** | | |
| १ | हिलो चक्का/एन्टी स्किड ह्विल | ७५% | |
| २ | सिड ड्रिल | ७५% | |
| ३ | रिजर | ७५% | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| ४ | एण्टिर्याप ब्लेड | ७५% | |
| ५ | डिप टिलिङ ब्लेड | ७५% | |
| ६ | पोटयाटो प्लान्टर | ७५% | |
| ७ | पोटयाटो डिगर | ७५% | |
| ८ | रिपर | ७५% | |
| ९ | थ्रेसर | ७५% | |
| १० | पावर स्प्रेयर | ७५% | |
| ११ | राइस ट्रान्स प्लान्टर (म्यानुएल) | ७५% | |
| १२ | राइस ट्रान्स्लान्टर (वाक) | ७५% | |
| १३ | राइस ट्रान्स्लान्टर (राइडिङ) | ७५% | |
| १४ | सिडलिङ मेसिन | ७५% | |
| १५ | अन्य प्रकारका कुनै कृषि औजार भए पनि माथि उल्लेखित आधारमा सामाग्री उपलब्ध गराउन सकिने छ। | ७५% | |
| १६ | प्राङगारिक तथा जैविक मल | शत प्रतिशत अनुदान | |

उर्लाबारी नगरपालिका

<u>अनुसूची-२</u>

## स्थलगत प्रमाणिकरण मापदण्ड/मुल्यांकन फारम

आवेदक/कृषकको नामः-...................................... ठेगानाः- ................ सम्पर्क नं..................

फर्म/समुहको नामः- ................................................................................

प्रस्तावित कार्यक्रमको नामः- ..................................................................

स्थलगत प्रमाणिकरण मितिः-...................................................

क)आवेदकको मुल्यांकनः-...................................................

| सि.नं | बिवरण | प्रमाणिकरणमा भेटिएका अवश्था र प्रमाण | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक अवश्थाः- जग्गाको स्वामित्व, जग्गाको प्रर्याप्तता, बिस्तारको संभावना, बाटो, पानी, बिजुली, सुबिधा उपलब्ध साथानमा कार्यक्रम संचालन उपयुक्त छ/छैन। (३०) | | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| २ | प्राविधिक क्षमताः- प्रस्तावित कार्यक्रम संग मेल खाने कृयाकलापमा हाल संलग्नता, आवश्यक प्राविधिक सेवाको पहुँचको अवश्था,आवेदक संग सम्बन्धित बिषयको तालिम/अनुभव छ/छैन। (१५) | | |
| ३ | बित्तिय क्षमताः- लागत साझेदारी गर्न सक्ने क्षमता,बैक मौज्दात वा हालको कारोबारमा बचत छ/छैन, बित्तिय संस्था बाट ऋण प्राप्त गर्न सक्ने अवश्था छ/छैन। (१५) | | |
| ४ | वातावरणिय उपयुक्तताः- छिमेकिहरु बाट बिरोधको अवश्था,कार्यक्रमले वातावरणमा पुग्ने नकारात्मक असर पुग्न सक्ने अवश्था छ/छैन। (१०) | | |
| ५ | अन्य पक्षहरुः- संस्थागत/ब्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन, दर्ता/नविकरण/करचुक्ता/अडिट आदि | | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| | अध्यावधिक छ/छैन, कच्चा पदार्थको उपलब्धताको अवश्था छ/छैन, उत्पादित बस्तुको सहज बजारिकरण हुन सक्ने अवश्था छ/छैन। (२०) | | |
| ६ | स्थलगत प्रमाणिकरण टोलिको रायः- आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन (१०) | | |

ख) आवेदक संग हाल भएको पशुपंछी संख्या,भवन,सवारी साधन,कृषि यन्त्र उपकरणहरु आदिः-

| सि.नं | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

ग) उर्लाबारी नगरपालिका कार्यालय बाट विगत बर्षहरुमा अनुदान लिए/नलिएकोः- यदि लिएको भए कार्यक्रमको नाम र संख्या उल्लेख गर्नेः

उर्लाबारी नगरपालिका

घ) स्थलगत प्रमाणिकरण टोलीको रायः- स्थलगत प्रमाणीकरणम भेटिएका तथ्यहरुक आधारमा आवेदक संग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुदैन भनि राय पेश गर्ने।

| सि.नं | नाम | पद | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

उर्लाबारी नगरपालिका

**आज्ञाले,**
**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**